नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- 201

मितिः- २०८०/०८/०८

विषयः- स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा।

श्री गाउँपालिका सबै।
श्री नगरपालिका सबै।

संघीय शासन प्रणालीको अवलम्बनसँगै सेवा प्रवाह तथा स्थानीय विकास निर्माणका कार्यहरु स्थानीय तहको जिम्मेवारीमा रहेका छन् । सो सम्बन्धमा स्थानीय तहको कार्य प्रकृया र उपलब्धिहरुको बारेमा लेखाजोखा गरी सबल र दूर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तलुनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ स्वीकृत भई कार्यान्वयनमा रहेको विदितै छ।

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनबाट नेपालको संविधान तथा प्रचलित कानूनको मर्म र भावना अनुसार स्थानीय तह संचालन गर्न, स्थानीय तहका असल अभ्यासलाई संस्थागत गर्न तथा सुधार गर्नु पर्ने विषयलाई समयमै पहिचान गरी स्थानीय तहको प्रभावकारिता बृद्धि गर्न सहयोग पुग्ने भएकोले मन्त्रालयबाट स्वीकृत कार्यविधि अनुसार गत आ.व. २०७९/०८० को स्वमूल्याङ्कनको कार्य चालु आ.व. २०८०/०८१ को पौष मसान्तभित्र सम्पन्न गरी प्राप्त नतिजालाई सफ्टवेयर प्रणाली (lisa.mofaga.gov.np) मा प्रविष्टि गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ।

(रेशम कंडेल)
उप-सचिव

बोधार्थः-

श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः आवश्यक समन्वय र सहजीकरणको लागि।

श्री सूचना तथा प्रविधि शाखाः पत्र Website मा राख्ने व्यवस्था हुन।